स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



मोडल मिस पबी र अष्ट्रेलियामा बस्दै आएका विष्णु सापकोटाको एक भिडियो भाइरल बनिरहेको छ । मिस पबी नामले चर्चित पवित्रा साँकी यतिबेला अष्ट्रेलियामा छिन् । यसबीच उनले भाइरल भिडियो बारे फेसबुकबाट प्रष्टीकरण दिएकी छन् । उनले बुवा भेट्न र एक फिल्म छायांकनको लागि आफू अष्ट्रेलियाको सिड्नीमा रहेको बताएकी छन् । सोही क्रममा विष्णु सापकोटाको टिमसँग भेट भएको, बिजनेस प्रमोसनको भिडियो बनाउन त्यहाँ आएको र सोही सिलसिलामा भिडियो खिचिएको बताएकी छन् ।

**आजको विचार...**



बुद्धिजीवी...
(दुई पेजमा)

प्रा.देवीभक्त ढकाल



अभिनय, नृत्य र एक्सन, यी तीनवटै कुरामा निपूर्ण चकलेटी हिरोको नेपाली फिल्ममा खाँचो देखिन्छ । वर्षेनि नयाँ अनुहारको आगमन भइरहे पनि कमैले मात्र आफ्नो प्रभाव छाडेका छन् । त्यसमध्ये एक हुन्, आशिर्वाद क्षेत्री । गत बैशाखमा आएको फिल्म 'नाईं नभन्नू ल ६'बाट उनको डेब्यू भएको थियो । नामै ब्रान्ड भएकाले फिल्म व्यावसायिक रुपमा सफल हुने धेरैको विश्वास थियो । तर, कमजोर जगमा बनेको फिल्म व्यापारमा पनि कमजोर रह्यो । चलचित्र विकास बोर्डले माघ २९ गतेदेखि फागुन ४ गतेसम्म आयोजना गरेको अभिनय कार्यशालामा आशिर्वाद पनि सहभागी छन् ।

❐ वर्ष २९ ❐ अंक १९७ ❐ २०८० फागुन २ गते बुधबार 14 February 2024, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### अझै २० प्रतिशत गरिबीको रेखामुनि

**काठमाडौं,** फागुन १/नेपालमा अझै २० दशमलव २७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको तथ्याङ्क सार्वजनिक भएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको 'नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९/८०' मा २०७२ सालको भूकम्प र कोरोना महामारी लगायत कारणबाट अपेक्षित रुपमा गरिबीको दर घट्न नसकेको उल्लेख छ ।

सर्वेक्षण अनुसार गरिबीको दर सहरी क्षेत्रमाभन्दा ग्रामीण क्षेत्रमा बढी छ । सहरी क्षेत्रमा गरिबीको दर १८ दशमलव ३४ प्रतिशत र ग्रामीण क्षेत्रमा २४ दशमलव ६६ प्रतिशत छ । त्यस अवसरमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले गरिबी निवारणमा देशले गरेको प्रगति विश्वव्यापी कोरोना महामारी, प्राकृतिक विपद्लगायत कारणबाट मेटिन पुगेको बताए । सात प्रदेश मध्ये चार प्रदेशमा राष्ट्रिय गरिबीको दर बढी छ । सर्वेक्षण अनुसार सुदुरपश्चिम प्रदेश (३४ दशमलव १६), कर्णाली प्रदेशमा (२६ दशमलव ६९), लुम्बिनी प्रदेशमा ( २४ दशमलव ३५ प्रतिशत) र मधेश प्रदेशमा (२२ दशमलव ५३ प्रतिशत) छ । गण्डकी प्रदेशमा (११ दशमलव ८८ प्रतिशत), बाग्मती प्रदेशमा (१२ दशमलव ५९ प्रतिशत), र कोशी प्रदेशमा ( १७ दशमलव १९ प्रतिशत) रहेको छ । *-रासस*



# पाल्पामा जिप दुर्घटना : आठको मृत्यु, ११ घाइते

जिल्लाको तिनाउ गाउँपालिका-६, मस्यामको चिदिसमा जिप दुर्घटना हुँदा ८ जनाको मृत्यु भएको छ भने ११ जना घाइते भएका छन् । सिद्धार्थ राजमार्गको डुम्रेबाट चिदिस शिखरडाँडा जाँदै गरेको लु १ ज २३७१ नम्बरको जिप डुम्रे र चिदिसको बीच भागमा दुर्घटना भएको हो ।

जिप चिदिस शिखरडाँडा जाँदै गर्दा उकालोमा ब्याक भई दुर्घटना भएको बताइएको छ । मृत्यु तथा घाइते हुनेहरु स्थानीय चिदिस गाउँका रहेको उद्धारमा खटिएका दिनेश घिमिरेले जानकारी दिए । घटनास्थलमा प्रहरी चौकी प्रभासको टोली र स्थानीयले घाइतेहरुलाई लुम्बिनी मेडिकल कलेज प्रभासमा लगिएको छ । यो समाचार तयार पार्दासम्म मृतक र घाइतेको पहिचान खुलिसकेको छैन । मृतक र घाइते बढिजसो महिलाहरु रहेका छन् ।

## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# आज श्रीपञ्चमी, विद्याकी देवी सरस्वतीको पूजा आराधना गरिदैं

**पाल्पा,** फागुन १/प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन मनाइने श्रीपञ्चमी विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजा आराधना गरी आज देशभर मनाइँदैछ । वसन्त पञ्चमीका दिन सरस्वतीको पूजा गरे विद्या, बुद्धि बढ्ने विश्वास रहेको छ ।

आज देशभरका सरस्वती मन्दिरमा पूजा आराधना गर्न श्रद्धालुको भीड लाग्छ । विद्यालय नपठाइएका साना बालबालिकालाई आजकै दिनदेखि अक्षरारम्भ गराउने चलन छ । आजका दिन लेखपढ गर्न सिकाए राम्रो विद्या आउने जनविश्वास छ । विद्या र सिर्जनाकी देवी भएकाले साहित्यकार, कलाकार, पत्रकार र विद्यार्थीले कलम, कापी, कुची र वाद्ययन्त्रलाई सरस्वतीका रूपमा पूजा गर्छन् भने तान्त्रिकहरू तन्त्र सिद्धिका लागि तारादेवीका रूपमा आराधना गर्छन् । सूर्य उत्तरतिर लागि दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने भएकाले यसलाई 'वसन्त पञ्चमी' पनि भनिन्छ । ऋग्वेदमा वाग्देवीका नामले प्रसिद्धि पाएकी ब्रह्माकी अर्धाङ्गिनी ब्रह्मायणीको पूजा उपासनाले सबै प्रकारको ज्ञान, सिद्धि र सद्बुद्धि



प्राप्त हुने भएकाले सरस्वती पूजाको ठूलो महत्व छ । गान्धर्व पुराणमा आजका दिन सरस्वतीको पूजागरी विद्यारम्भ गरेमा सर्वसिद्धि प्राप्त हुन्छ भन्ने उल्लेख छ । आजका दिन विवाह, व्रतबन्ध, गुफा राख्ने र बेलविवाह (इही) जस्ता सामाजिक तथा धार्मिक कार्य गर्न साइत हेर्नु पर्दैन भन्ने विश्वास छ । यस दिन बालबालिकालाई शिक्षारम्भ गर्नुका साथै नाक, कान छेडिदिने गरिन्छ । वसन्त पञ्चमी, सरस्वतीको जन्मदिन भएकोले देवीलाई प्रसन्न पारेर कृपा प्राप्त गर्न विद्यार्थीहरू प्रयत्न गर्छन् । पुस्तक, कापी, कलमलाई पूजा गर्ने र मन्दिर गएर सरस्वती वन्दना गर्ने हो । माघ महिनाको शुक्लपक्षको पञ्चमी तिथिमा विद्याकी देवी सरस्वती र प्रेमका देवता कामदेव दुवैको आह्वान गरेर जीवनमा सन्तुलन ल्याउने सन्देश प्रवाह गरिन्छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## नेपाली काँग्रेस र महासमिति बैठक

नीति, नियम र विधानलाई आधार मानेर संगठनका मूलभूत मान्यताप्रति काँग्रेस असीको दशकभन्दा पहिला यसरी चिन्तित भएको कमै देखिन्थ्यो, यद्यपी विगतको इतिहास केलाउँदा काँग्रेस अहिलेको भन्दा सशक्त हिजो थियो । मुलुक कै पुरानो पार्टी नेपाली काँग्रेसले अहिले समुदायको महत्वलाई बुझ्ने र त्यसका अवयवहरुका प्रतिविम्बि केलाउने प्रयास गरिरहेको छ । समुदायको विकल्प समुदाय नै हो, भन्दै देशव्यापीरुपमा अभियान शुरु गरेर संगठन मजवुत बनाउने शैलीको विकासलाई प्राथमिकता दिने काम थालनी गरेको छ । २००७ सालको काँग्रेस २०८० सालसम्म आइपुग्दा समुदायको महत्वलाई शिरोधार्य गर्ने काममा पर्नुताजगी हुनु आफैमा अत्यान्तै प्रभावकारी र महत्वका साथ हेरिएको छ । नेपाली काँग्रेसको तेस्रो पुस्तासम्म आइपुग्दा काँग्रेस अब आधुनिक र जनमुखी बन्नुपर्छ भन्ने मान्यतालाई स्थापित गर्न खोज्नु आफैमा अत्यान्तै महत्वपूर्ण कार्य हो । लोकतान्त्रिक अभ्याससँगै आफ्नो पार्टीको परिस्कृत विधानलाई आधार बनाएर १४ औं महाधिवेशन पछिका हरेक क्रियाकलापहरु नेपाली काँग्रेसलाई आधुनिक काँग्रेस निर्माणको दीशातर्फ उन्मूख बनाउने प्रयासहरुले वास्तवमै नेपाली काँग्रेस असल र युवा उत्तराधिकारीको खोजीको अभ्यासमा लागिरहेको आभास हुन थालेको छ ।

विधान बन्छन् तर समयमा कार्यान्वयन हुँदैनन् भन्ने मान्यताले गिजोली रहेको काँग्रेसभित्र अहिले आएर नयाँ जोस र जाँगरको ज्वारभाटा मौलाइरहेको आभास हुन्छ । तर यो निरन्तरतालाई क्रम भंग नहुने गरी काँग्रेस अगाडि बढ्नुको विकल्प पनि नभएरै होला, काँग्रेस वास्तवमै तलदेखि माथि हेर्ने र माथिदेखि तल चियाउनेहरुका लागि एकाकार बन्ने तरखरमा देखिन्छ । अर्थात क्रियाशीलताको हिसावले बढी समुदाय केन्द्रित भएको देखिन्छ । वीपीले परिकल्पना गरेको समाजलाई आधुनिकताको डोरीले, प्रविधिमैत्री काँग्रेस निर्माणका लागि तेस्रो पुस्ताका युवा नेताहरु महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा लगायतका दर्जनौ युवाहरुको पहल र सक्रियतालाई सिंगो दोस्रो पुस्ताको उत्तरार्धका नेताले समेत स्वीकार नगरी नहुने अवस्था आएका कारण पनि यसो भएको हो भन्नेहरुका तर्कमा केही दम पनि छ । पार्टी नीति र विधिले चल्नुपर्छ भन्ने मान्यताले संस्थागत रुप लिन समय लाग्ला तर हुनुपर्छ भन्ने कुराको शुरुवात हुनु पनि आफैमा महत्वपूर्ण अवस्था थियो र त्यो कर्म अहिले शुरु भएको आभास हुन्छ । नीति सम्मेलनको स्वरुप नपाई सकेको यसै साता हुने महासमितिको ऐतिहासिक बैठकले गर्ने निर्णका आधारभूत मूल्य र मान्यतालाई चारै तर्फबाट प्रहार गर्ने कोशिस धेरथोर भएका छन् र हुन्छन् । त्यसका वावजुद पनि अब काँग्रेस, नीति र विधीलाई कार्यान्वयन गर्ने दीशा तर्फ अग्रसर भयो, पछाडी हट्ने कुरै हुँदैन । अभियान संस्थागत गर्नका लागि महामन्त्री गगनकुमार थापाको ऐतिहासिक हुलाकी मार्गको दौडाहा र अर्को तर्फ देशैभरका सबै वडामा योजनावद्ध तौर तरिकाबाट अगाडि बढ्नु नै आशा लाग्दो भविश्य हो । अब इतिहास भजाएर खाने भन्दा पनि समुदायको मन जितेर अगाडि बढ्नुपर्छ भन्ने कुरालाई आसन्न महासमितिका प्रत्येक सदस्यले गम्भीरताका साथ बुझेर समयानुसार अगाडि बढ्नुको विकल्प छैन ।

## Opinion @ Social Network

साच्चै भन्नु पर्दा नि आँखामा आँसु तब मात्रै आउने गर्छ
जब आफू साँचो हुँदाहुँदै पनि बुझ्नेवाला कोही हुँदैनन् ।
*(मुना मगरको फेसबुक स्टाटसबाट https://www.facebook.com/Muna.magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बुद्धिजीवी राजनीतिमा स्थायी प्रतिपक्ष किन हुँदैनन् ?



**प्रा.देवीभक्त ढकाल**

भ्रष्ट नेता र दास कार्यकर्ताले देशलाई खोक्रो बनाउने काम तीव्र बढेकोमा सम्पूर्ण जनता अहिले निराश र किंकर्तव्यविमूढ छन् । जनता बिलखबन्दमा भएको अवस्थामा जनतामा आशा र भरोसा जगाउन जब राजनीति असफल हुन्छ त्यसबखत बुद्धिजीवी र विद्वान सरकारलाई सहीबाटो अख्तियार गर्न दबाब दिने मुख्य भूमिकामा हुन्छन् । यो विकराल अवस्थामा रहेको भ्रष्टाचार, अनियमितता, विधिविहीनता, कुशासन जस्ता रोगलाई दरो उपचार गर्न सरकारलाई खरो दबाब दिने विशेष रणनीति नेपाली बुद्धिजीवीहरू किन अख्तियार गर्दैनन् ? भ्रष्टाचार अनियमितता, नातावाद र ढुकुटीको दुरुपयोगको विषयमा जबसम्म बुद्धिजीवीहरूले सामूहिक रूपमा सशक्त विरोध गर्दैनन् त्यतिबेलासम्म यो रोगको उपचार सम्भव हुँदैन । यो चेतना बुद्धिजीवीसँग पक्कै छ तर किन कार्यान्वयन हुँदैन ? रहस्यमय छ । यसको अर्थ देशका अधिकांश बुद्धिजीवीहरू कतै नक्कली प्रमाणपत्रधारी त छैनन् भनेर कसैले प्रश्न गर्‍यो भने के हाम्रा बुद्धिजीवीहरू तर्कपूर्ण उत्तर दिने अवस्थामा छन् ? जसले आफ्नो जिम्मेवारी निर्वाह गर्दैन त्यो अयोग्य घोषित हुन्छ । जिम्मेवारी बुद्धिजीवीहरूबाटै निर्वाह हुँदैन भने यो जिम्मेवारी कसले निर्वाह गर्ने ? भनिन्छ देशलाई संकटबाट मुक्ति दिने र समस्याहरूको निकास खोज्ने शक्ति बुद्धिजीवीहरूमा मात्र हुन्छ । त्यो शक्ति यदि देश र जनताको हितमा प्रयोग भएन भने देशका बुद्धिजीवीहरूसँग भएको विज्ञता र विद्वताको के अर्थ ?

अहिले बुद्धिजीवीहरूले आफूलाई देशको वास्तविक बुद्धिजीवी भएको प्रमाणित गर्न वर्तमान राजनीतिमा व्याप्त भ्रष्टाचार, कुशासन, अनियमितता, नातावाद र कृपावादको सशक्त विरोध गर्न गोलबन्द हुने बेला आएको छ । राजनीतिज्ञहरूमा राष्ट्रिय स्वार्थको ठाउँ यदि व्यक्तिगत स्वार्थले लियो भने भ्रष्टाचार, अनियमितता, परिवारवाद जस्ता विकृति फष्टाउँछन् । हालको समस्या भनेकै राजनीतिमा राष्ट्रिय स्वार्थको खडेरी हो । राजनीतिमा मौलाउँदो व्यक्तिगत स्वार्थलाई जबसम्म बुद्धिजीवीहरूबाट सामूहिक रूपमा प्रहार हुँदैन त्यो समयसम्म भ्रष्ट नेताहरूले निःसन्देह व्यक्तिगत स्वार्थलाई प्राथमिकतामा राख्छन् । जहाँ बुद्धिजीवीहरू एउटै मोर्चामा घेराबन्दी भएर भ्रष्टाचार, कुशासन, अनियमितता र राज्यकोषको लुटको विरुद्धमा खरो उत्रँदैनन् त्यतिबेलासम्म देशले यस्ता विकृतिबाट किमार्थ निकास पाउँदैन । देशका बुद्धिजीवीहरूलाई पार्टी पार्टीका बुद्धिजीवी बनाएर सबै पार्टीका भ्रष्ट नेताहरूले अहिले बुद्धिजीवीहरूको शक्तिलाई क्षीण बनाएका छन् । नेताहरूले बुद्धिजीवीहरूलाई विभिन्न पार्टीमा विभाजित गरेर यस शक्तिलाई कमजोर बनाउने रणनीति भ्रष्टाचार, अनियमितता र नातावादभन्दा खतरनाक विषय हो । यो वास्तवमा पार्टी-पार्टीमा बुद्धिजीवीलाई विभाजित गर्ने भ्रष्ट नेताहरूको रणनीतिक सफलता हो भने देश र जनताको दुर्भाग्यको सूचक हो । वर्तमान भ्रष्ट नेताहरू र दास कार्यकर्ताले के बुझेका छन् भने हामीलाई कतैबाट खतरा छ भने बुद्धिजीवी वर्गबाटै छ । तसर्थ उनीहरूले बुद्धिजीवी, कवि, कलाकार, वैज्ञानिकहरूलाई समेत पार्टी-पार्टीमा विभाजित गरेर उनीहरूको शक्तिलाई कम गर्न सबैको छुट्टाछुट्टै संगठन खोलेर विद्वानलाई विभाजित गर्ने र भ्रष्टाचार, कुशासन रूपी उद्योगलाई निरन्तर सञ्चालन गर्ने रणनीति अख्तियार गरेका छन् । हाम्रो दुर्भाग्य सबै पार्टीहरूमा आबद्ध बुद्धिजीवीहरू राजनीतिक नियुक्तिको हरियो घाँसको लोभले कुनै न कुनै पार्टी र कुनै न कुनै नेताको तावेदारी गर्न बाध्य छन् । बुद्धिजीवीहरू यदि लाभ र लोभमा परे भने त्यसले उनीहरूलाई डरपोक र सत्ताको तावेदारी गर्ने लत बसाल्छ । अधिकांश बुद्धिजीवी लाभ र लोभका कारण सत्ताबाट फर्कन्छ र खाउँला भन्ने मनस्थितिमा छन् । उनीहरूबाट हुने खरो विरोधबाट वर्तमान भ्रष्ट शासकहरू बचेका छन् । स्थायी प्रतिपक्षका रूपमा स्वतः विरोधमा क्रियाशील हुने बुद्धिजीवीहरूलाई आफ्नो पार्टीको कार्यकर्ता बनाउने रणनीतिका कारण भ्रष्टाचार, कुशासन र परिवारवादजस्ता विकृतिजन्य उद्योग फष्टाएका छन् । बुद्धि पुऱ्याउन जाने र तावेदारी गर्ने विद्वानबाट सरकारका कमजोरीविरुद्ध बोल्ने र लेख्ने शक्ति हुँदैन ।

विद्वानहरूले, भ्रष्ट नेताहरूले आ-आफ्नो भ्रष्टाचार उद्योग निर्वाध सञ्चालन गर्ने कुत्सित रणनीतिलाई जान्दाजान्दै विभिन्न पार्टीहरूको सदस्यता लिएर पार्टीको विद्वान् बनेका छन् । समस्या कहाँ छ भने बुद्धिजीवीहरू राष्ट्रका बुद्धिजीवी बन्नुपर्नेमा पार्टीका बुद्धिजीवी बने । देशका बुद्धिजीवीहरूले देश र समग्र जनताको उत्थान र हितको विषयमा सोच्छन् । त्यसैले देश र जनताले प्रगति गर्छन् तर हाम्रो दुर्भाग्य हाम्रा बुद्धिजीवीहरू देश र समग्र जनताको उत्थानको विषयमा सोच्दैनन् । उनीहरू त आफ्नो र संलग्न पार्टी र नेताहरूको मात्र हितको विषयमा चिन्तन गर्छन् । अहिले बुद्धिजीवीहरूले देशका बुद्धिजीवी नभएर पार्टीका भोले बुद्धिजीवीका रूपमा गलत पहिचान बनाएका छन् । देशमा अहिले पार्टीका डाक्टर, पार्टीका वकिल, पार्टीका न्यायाधीश, पार्टीका प्रोफेसर, पार्टीका शिक्षक, पार्टीका कर्मचारी छन् । अहिले देशको न्यायाधीश, डाक्टर, शिक्षक, प्राध्यापक, वकिल, कर्मचारी नै नभएको अवस्था छ । देशसँग बुद्धिजीवी भएको भए देश सप्रन्थ्यो । आआफ्नो पार्टीका बुद्धिजीवीका कारण पार्टीहरू सप्रेका छन् तर ती सप्रेका पार्टीका नेताहरू सबै बिग्रेका कारण तिनीहरू सबै भ्रष्टाचार, अनियमिततामा फसेका छन् । दलाल-तस्करहरूको एजेण्डा बोकेर अवैध आम्दानी गर्ने र विलासी जीवन बिताउने भन्नेबाहेक देश र जनताको हितका विषय कुनै पार्टीको नेताको प्राथमिकता नभएपछि देशमा भ्रष्टाचार, अनियमितता, परिवारवाद जस्ता विषयहरूको बिगबिगी स्वाभाविकै हुन्छ । अहिले भएको पनि त्यही हो । बुद्धिजीवीहरू फालाफाल हुँदाहुँदै बुद्धिजीवीहरूलाई विभाजित गर्ने दुई-चारजना नेताहरूको आपराधिक राजनीतिले देश बुद्धिजीवीविहीन बनेको छ । देशको हितमा काम गर्ने बुद्धिजीवीहरूको नितान्त खडेरी छ । राजनीतिक पार्टीका हिलेमाछाहरूले धमिल्याएको पानीलाई सुद्धीकरण र शुद्धीकरण गर्ने अन्तिम जिम्मेवारी बुद्धिजीवीहरूकै हो । त्यो भूमिका निर्वाह गर्ने जिम्मेवारीबाट भाग्ने, छल्ने वा चुप बस्ने किमार्थ बुद्धिजीवीको श्रेणीमा पर्दैनन् । हामीले सामाजिक-आर्थिक संरचना र मानसिकतामा परिवर्तन नगरी राजनीतिक पद्धतिलाई हठात परिवर्तन गऱ्यौं । देश कहिल्यै उपनिवेश भएन तर छिमेकी देशको उपनिवेशी मानसिकताको प्रभाव हामीमा परेको छ । परिवर्तनका लागि भएका आन्दोलनहरूमा मुख्य एजेण्डा गरिबी निवारण गर्ने थियो । तर, सबै राजनीनिक परिवर्तनपछि सरकारको नेतृत्व लिने दलका नेताहरूले पहिल्यैका गरिबी र अभावसँग सम्बन्धित एजेण्डालाई चरम बेवास्ता गर्दा जनताका एजेण्डा प्राथमिकताभन्दा बाहिर परे ।

देशमा भ्रष्टाचार, अराजकता, ढुकुटी दोहन, विधिविहीनता र कुशासन आदिको विपक्षमा आवाज उठाउने जिम्मेवारी प्रतिपक्षको हो । त्यो काम कुनै प्रतिपक्षले इमानदारीपूर्वक गरेन । मिलिजुली शासन, आलोपालो शासन र गठबन्धनको शासनको संस्कृतिका कारण भ्रष्टाचार निवारणभन्दा समयक्रममा भ्रष्टाचारलाई सत्ताधारी दलका नेताहरू र प्रतिपक्षीदलका नेताहरूले संस्थागत बनाए । सरकारमा हुँदा सबै दलका नेताहरूको साझा एजेण्डा भ्रष्टाचार बन्यो । फेरि समानुपातिक निर्वाचन पद्धति समयक्रममा अभिशाप प्रमाणित भयो । समानुपातिक पद्धतिले कसैको बहुमत नहुने वातावरण बन्ने पूर्वयोजनाका साथ ल्याएको वर्तमान संविधानले गठबन्धन सरकार अपरिहार्य बन्यो । प्रधानमन्त्रीको पद नै तीन-चार पार्टीका नेताहरूको म्युजिकल चेयर बन्ने अवस्थाले हाम्रो दुर्भाग्य निम्तिएको छ । सत्तामा जब कुर्सीको लेनदेन हुन्छ प्राथमिकता भ्रष्टाचारको हुन्छ । मिलिजुली सरकारमा भ्रष्टाचारको विकल्प नभएको तीतो अनुभव जनतासँग छ भने त्यही भ्रष्टाचारको गुलियोमा रमाउने नेताहरूका लागि समानुपातिक पद्धतिबाट बन्ने गठबन्धन सरकार भ्रष्ट नेताहरूका लागि बरदान प्रमाणित भएको छ । प्रजातान्त्रिक पद्धतिमा जहाँ प्रतिपक्ष लोभीपापी हुन्छ, भ्रष्टाचारको आसले गठबन्धन र मिलिजुली सरकारको विकल्प हुँदैन त्यो अवस्थामा शासकीय कम्पनीहरूका विरुद्ध सशक्त आवाज उठाउने प्रमुख भूमिका बुद्धिजीवीले निर्वाह गर्दछन् । आमजनता शासकीय अत्याचारविरुद्ध उत्रन नेतृत्व आवश्यक हुन्छ । प्रतिपक्षी शक्तिले सरकारलाई गलत बाटोमा हिँड्न जहाँ खबरदारी गर्न सक्दैन त्यहाँको सरकार स्वच्छाचारी हुन्छ । अहिले नेपालमा सबै पार्टीका सरकारहरू भ्रष्टाचारमा चुर्लुम्म डुब्नुको कारण नै अक्षम प्रतिपक्ष हो । गठबन्धन सरकारमा प्रतिपक्षीहरूको भूमिका शून्य भयो । परिणामस्वरूप भ्रष्टाचार र कुशासनको उर्वर युग प्रारम्भ भयो । २००७ सालको क्रान्तिपछि खुलेका विद्यालयहरू र विश्वविद्यालयको संख्यात्मक वृद्धिसँगै देशमा डिग्रीधारी बुद्धिजीवी जुन अनुपातमा बढेका छन् त्यस अनुपातमा देशमा अन्याय, अत्याचार, कुरीति, कुशासन, घोटाला र भ्रष्टाचार असामान्य वृद्धि भएको छ । शासकीय जिम्मेवारीमा रहने सबैले राज्यको कानुन, विधिविधानविपरीत निर्णय गर्ने, अवैध सुविधा लिने, रिश्वत लिने जस्ता सत्ता र शक्तिलाई दुरुपयोग गरेका थुप्रै उदाहरण छन् । डिग्रीधारी बुद्धिजीवीहरूले अपेक्षित भूमिका निर्वाह गर्न नसक्दा सत्ताधारीबाट राज्यको ढुकुटीको अपचलन गर्ने, ब्रह्मलुट गर्ने र सीमित सत्ताधारीहरू अस्वाभाविक रूपमा मोटाउने क्रम इतिहासमै चुलिएको छ ।

जब राजनीति असहिष्णु, भ्रष्ट, असत्य बन्छ त्यसबखत बुद्धिजीवीहरूमा सत्य, न्यायकाप्रति निर्भीकतापूर्वक प्रतिवाद गर्ने क्षमता राख्दैनन् र आँट गर्दैनन् भने ती बुद्धिजीवी नभएर पढेलेखेका मूर्ख ठहरिन्छन् । अहिले कतै नेपाली बुद्धिजीवीहरूको अवस्था त्यस्तै भएको त होइन ? फुटाउ र राज गर भन्ने सिद्धान्तलाई बुझ्ने, बुझाउने नै बुझ पचाउँछन् । भ्रष्टहरूको तावेदारी गर्छन्, राजनीतिक नियुक्तिका माध्यमले सुन्दर भविष्य देख्छन् र जनताको भविष्यलाई अन्धकार बनाउनेलाई साथ दिन्छन् भने तिनीहरूलाई कसरी बुद्धिजीवी भन्ने ? अन्याय, अत्याचार, भ्रष्टाचार, ढुकुटीको लुट र परिवारवादको खरो प्रतिवाद जुन बुद्धिजीवीहरूले गर्दैनन् तिनीहरूले विश्वविद्यालयहरूबाट लिएको कागजको खोष्टोले बुद्धिजीवीमा गनिँदैनन् । बुद्धिजीवी तिनीहरूमात्रै हुन् जसले अन्याय र अत्याचारविरुद्धमा निर्भीकताका साथ खरो उत्रन्छन् । बुद्धिजीवीहरू ती हुन् जो आस र त्रासमा आफ्नो विवेक र ज्ञानको दुरुपयोग गर्दैनन् ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको काम सम्पादन हुन सक्छ । | **तुला** : आफन्तले काममा सहयोग गर्नेछन्। सन्तान प्राप्तिको योगपनि छ । |
| **वृष** : नयाँ आशा पलाउनेछ । ज्ञान, अध्यात्मको भावना जाग्न सक्छ । | **वृश्चिक** : यात्रा गर्ने अवसर प्राप्त हुनेछ। परिवारहरूसित भेटघाट हुनेछ । |
| **मिथुन** :अवसर आउनाले मन प्रसन्न रहनेछ । मानसम्मान पाइने छ । | **धनु** : प्रसन्नतामा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न प्रयास हुनेछन् । |
| **कर्कट** : काम सम्पादन हुन सक्छ । प्रतिस्पर्धामा सफलता मिल्न सक्छ । | **मकर** : आफन्तसंग मनमुटाव बढ्ला । मानसिक चिन्ता भएको अनुभूति हुनेछ । |
| **सिंह** : अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । | **कुम्भ** : अधुरा कामहरु पुरा हुनेछन् । स्वास्थ्य सबल रहनेछ । |
| **कन्या** : काममा दुःख पाइन सक्छ र काममा अवरोधको सामना गर्नुपर्छ । | **मीन** : परिश्रमअनुसार उपलब्धि राम्रै पाइनेछ । कामले तीव्रता लिनेछ । |

## मनोरञ्जन

# 'भाइरल प्रतिभा'लाई कसरी आउँछ गीत रेकर्डिङको अफर ?





युट्युबमा अन्तर्वार्ता दिएर सामाजिक सञ्जालमा भाइरल भएको केही दिनमै बागलुङकी सिम्रन परियारको जीवनले नयाँ मोड लियो । यसपछि त उनका एक पछि अर्को गीत युट्युबमा आउन थाले । उनले छोटो समयमै दर्जनौं गीतमा आफ्नो स्वर भरिन् । युट्युबमा खोज्ने हो भने उनका थुप्रै गीतले युट्युबमा लाखौँ भ्युज पाएका छन् । यस्तै दैलेखकी अञ्जु विश्वकर्माका गीत दिनहुँ जसो युट्युबमा सार्वजनिक भइरहेका छन् ।

उनी सामाजिक सञ्जालमा भाइरल भएको दुई साता मात्रै भएको छ । भाइरल भएको केही दिनमै उनका एक पछि अर्को गीत आउन थालेका हुन् । उनले दुई दर्जन बढी गीतमा स्वर दिइसकेकी छिन् । सिन्धुलीकी बेनिशा शंकरले युट्युबमा अन्तर्वार्ता दिएको दुई साता पनि भएको छैन । उनले अन्तर्वार्ताका क्रममा केही गीत गाएकी थिइन् जसमा उनको स्वरको धेरैले प्रसंशा गर्दै प्रतिक्रियाहरू दिएका छन् । त्यसयता उनको स्वरमा थुप्रै अफिसियल गीत सार्वजनिक भइसकेका छन् । यी पछिल्लो समयका केही उदाहरण हुन् । युट्युबका लागि दिएको अन्तर्वार्ताका कारण सामाजिक सञ्जालमा भाइरल भएपछि सांगीतिक क्षेत्रमा उदाउने प्रतिभाहरू थुप्रै छन् । भाइरल हुनासाथ केही दिनमै उनीहरूसामु कसरी पुग्छ गीतको अफर ? बेनिशा शंकरलाई गीत रेकर्डिङको पहिलो अवसर दिएका गायक एवं संगीतकार सन्तोष सुनारले भने, 'भोजराज थापाजीले लिएको अन्तवार्ता हेरिरहँदा बहिनीको स्वर राम्रो लाग्यो । म सँग भएको कम्जोजिसन बहिनीलाई सुट गर्छ जस्तो लाग्यो । त्यसपछि भोजराजजीलाई 'कन्ट्याक' गरेर गीतको अफर गरेर रेकर्ड गराएँ । गीत राम्रो पनि भयो ।' सर्जक एवं गायक श्रीधर अधिकारीले सिम्रन परियारसँग थुप्रै गीतमा सहकार्य गरेका थिए भने अञ्जु विश्वकर्मासँग पनि उनले सहकार्य गरिसकेका छन् । उनी पनि जसले लिएको अर्न्तार्ताका कारण प्रतिभाहरू भाइरल भए, उनीहरूकै माध्यममार्फत आफूले गीतको अफर गरेको बताउँछन् । श्रीधरले भने, 'भाइरल प्रतिभा मध्ये कतिपय निकै राम्रो स्वर भएकाहरू हुनुहुन्छ । उहाँहरूका अन्तर्वार्ता दर्शकले राम्रो मानेर हेरिरहनु भएको हुन्छ । उहाँहरू दर्शकको नोटिसमा भएका कारण गायनको अवसर दिँदा सम्बन्धितलाई पनि राम्रो होला, र गीत पनि व्यावसायिक रुपमा राम्रो होला भन्ने अपेक्षा हुन्छ ।' भाइरल प्रतिभाले गाएका गीतहरू युट्युबमा पनि छोटो समयमै सार्वजनिक हुने गरेका छन् । छोटो समयमै गीत तयार भएर सार्वजनिक हुन कसरी हुन्छ सम्भव ? गायक श्रीधरका अनुसार भाइरल भएका प्रतिभाले गाएका गीत कतिपय पहिल्यै तयार हुने गरेको र कतिपय नयाँ बनाउने गरिएको छ । 'प्राय: सर्जकहरूसँग केही गीत स्टकमा पनि रहेका हुन्छन् । बनेर बसिसकेका गीतमा स्वर गर्ने भएकाले पनि छिटो तयार हुन्छन्,' उनले भने, 'कतिपयले चाहिँ नयाँ प्रतिभाहरूकै लागि भनेर पनि तयार पार्ने गरेका हुन्छन् । मैले अञ्जुसँग सहकार्य गरेको गीत उनकै लागि भनेर तयार पारेको हुँ ।' पछिल्लो समय यो प्रतिभा भाइरल छ भनेर रातारात गीत तयार पार्ने परिपाटी देखिन्छ । गायक सन्तोष पनि त्यसरी गीत तयार हुने गरेको आफूले पनि पाएको बताउँछन् । यद्यपि, आफूले भने भाइरल भएकै भरमा काम नगरेको उनले प्रष्ट्याए । 'बेनिशा बहिनीसँग मेरो सहकार्यको गीत आएपछि अरु थुप्रैले उनीसँग सहकार्य गर्नु भएको छ । त्यसमध्ये कतिपयले अहिले बहिनी भाइरल छिन् भनेर सहकार्य गरेको पनि हुनसक्छ' सन्तोषले भन्छन्, 'यद्यपि, सम्बन्धित प्रतिभालाई गीत म्याच हुन्छ कि हुदैंन, गाउन सक्छन् कि सक्दैनन् ? भन्ने कुरा चाहिँ ख्याल गर्नुपर्छ जस्तो लाग्छ ।' सन्तोषले सिम्रनको स्वरमा आफ्नो हिट गीत 'छमक छमक'को फिमेल भर्सन ल्याएका थिए । उक्त गीत पनि सिम्रनलाई सुट हुने देखेर ल्याएको उनले बताए । यति बेला एक जना अर्को नयाँ प्रतिभासँग गीतमा सहकार्य गरेका उनी भाइरलको आडमा मात्रै काम गर्न खोज्नु आफ्ना लागि अर्थहीन रहेको बताउँछन् । गीत गाएर 'भाइरल' भएर केही समयमै हराएका उदाहरणहरू पनि विगतमा थुप्रै छन् । तसर्थ उनीहरू टिकिरहन र सांगीतिक क्षेत्रमा भविष्य बनाउन संगीतका सुरसँग खेल्न प्रशिक्षणको आवश्यकता रहेको संगीतकमीहरू बताउँछन् ।

*-लोकान्तर डटकम*

# सुपरहिट गीतको सिक्वेललाई किन भ्युजको खडेरी ?



१२ वर्ष अघि रिलिज भएको फिल्म 'अन्दाज'मा समावेश गीत 'सिम्पल सिम्पल कान्छीको डिम्पल पर्ने गाला'लाई अहिले पनि लोकप्रिय छ । सरल शब्द र मन छुने लयमा बुनिएको यो गीतले उक्त फिल्मको प्रवर्द्धनमा मात्र सघाएन, गीतकार शंकर अधिकारी घायललाई रातारात चर्चित बनायो । त्यो गीत हिट भएपछि घायलले पछि फर्केर हेर्नु परेन । लामो अन्तराल पछि घायलले उक्त गीतको सिक्वेलको रुपमा 'सिम्पल सिम्पल कान्छीको २' यसै साता रिलिज गरे ।

चार दिन अघि नित्या शिवा र राजन श्रेष्ठको स्वरमा उनले गीतको दोस्रो श्रृंखला सार्वजनिक गरे । यो गीतको कम्पोज गर्न उनले आफू निकट संगीतकार बाबुल गिरीलाई जिम्मा दिए । रिलिजको चौथो दिनमा यो गीतलाई युट्युबमा साढे चार लाख पटक हेरिएको छ । त्यति मात्र होइन, युट्युब नेपालको ट्रेन्डिङमा समेत यो गीत समावेश छैन । सुपरहिट गीतको सिक्वेललाई भ्युजको खडेरी परेको देखिन्छ । यति मात्र होइन, यो भिडियोमा घरेलु फिल्मका एर-लिस्टर कलाकार किरण केसी र दीपाश्री निरौला फिचर्ड छन् । माइकल चन्दले भिडियोलाई 'ग्लसी' तुल्याउन मेहनत गरेपनि यसको अडियोले पहिलेकोजस्तो चर्चा पाउन सकेको छैन । तर भिडियोको कमेन्टमा चाहिं गिरीको संगीत शिल्पको प्रशंसा भइरहेको छ । चार दिन अघि नै गायक हिमाल सागरले आफ्नो हिट गीत 'ए हो र माया'को श्रृंखलाको रुपमा 'यही त हो माया' गीत सार्वजनिक गरे । अन्नु चौधरीको समेत स्वर रहेको यो गीतको भ्युज मुस्किलले दुई लाख मात्र कटेको छ । यो गीतलाई पनि भ्युजको संकट स्पष्ट देखिन्छ । यस्तै धोकेवाज, सोल्टिनी लगायतका गीतका सिक्वेलले पनि पहिलेको गीतजस्तो खासै चर्चा पाएनन् । यी प्रतिनिधि उदाहरण मात्र हुन्, हिट गीतका सिक्वेल भने उतिसारो चलेको देखिएको छैन ।

*-अनलाइन खबर डटकम*

# चलचित्रले समाज बिगार्छ ?



सरकारले चलचित्रले समाज बिगार्ने र उच्छृंखल बनाउने भन्दै सेन्सरलाई थप कडा बनाउँदै गएको छ । पारदर्शी कपडा लगाउनदेखि गाली गर्न समेत नपाइने प्रावधान सरकारले ल्याउने तयारी गरेको छ । पाँच सेकेन्डभन्दा लामो समय चुम्बनका दृश्य सिनेमामा राख्न नहुने गरी चलचित्र जाँचपास समितिले कार्यविधिको मस्यौदा तयार पारेको छ । चलचित्रमा बलात्कारका दृश्य पनि समावेश गर्न नपाइने प्रावधान ल्याउने तयारी छ । सेन्सर बोर्ड नै आवश्यक नभएको बहस भइरहेका बेला सरकारी निकायले सिनेमा निर्माणलाई थप कस्न खोजेपछि चलचित्रकर्मीले चर्को विरोध गरिरहेका छन् । सिनेमाले समाजलाई उच्छृंखल बनाउँछ भन्दै नियन्त्रण गर्न खोज्ने सरकारले यसको संरचना नै नबुझेको चलचित्रकर्मीको आरोप छ । चलचित्रको फर्म्याट बुझ्ने व्यक्ति र निकायले कहिल्यै सेन्सरका नाममा कस्न नखोज्ने सिनेकर्मीको टिप्पणी छ । चलचित्र समाजमा भए/गरेका घटना र विषय उठान गर्ने माध्यम भन्ने न्यूनतम बुझाइ पनि सरकारको सम्बन्धित निकायमा रहेका व्यक्तिमा नरहेको कलाकार हरिवंश आचार्य, दीपकराज गिरी र ऋचा शर्माको भनाइ छ । अहिलेको खुला समाजमा पनि सरकारले विभिन्न बहाना बनाएर सिनेमा निर्माणमा उल्झन सिर्जना गर्न खोजिरहेको उनीहरूको जिकिर छ ।

समाज बिगार्ने चलचित्र अहिले चल्दै नचल्ने कलाकार हरिवंश बताउँछन् । "समाज बिगार्ने चलचित्र दर्शकले नै हेर्नु हुन्न । त्यस्तो फिल्म चल्दा पनि चल्दैन । त्यसैले त्यस्तो क्लज राख्नुपर्छ भन्ने मलाई लाग्दैन," उनी भन्छन्, "अपाच्य चिज नागरिक स्वयंले तिरस्कार गर्छन् । त्यसबाहेक मिडियाले त्यस्ता कुरा कोट गर्ने भएपछि स्वत: खारेज हुन्छन् ।" समाज बिगार्ने र भत्काउने सिनेमा हेर्न जान दर्शकलाई लाज लाग्ने र बनाउने पनि सतर्क हुने उनको भनाइ छ । प्रजातान्त्रिक समाजमा देशको अखण्डता, जातीय सद्भाव र धार्मिक सहिष्णुतामा खलल पुऱ्याउनेबाहेक अरू विषयलाई सेन्सरका नाममा रोक्न नहुने उनको धारणा छ ।

**चलचित्रकर्मी भन्दै छन्- सरकार, हामीलाई सिधैं विदेश जाऊ भने हुन्छ**

सरकार समयभन्दा उल्टो बाटो हिँड्न खोजिरहेको हरिवंशको टिप्पणी छ । "समय एकातिर हिँडिरहेको छ, तर कानुन त्यसको ठिक उल्टो हिँड्ने गरी बनाउने प्रयास भइरहेको छ । त्यस्तो प्रवृत्ति लामो समय टिक्दैन । सरकार पछि हट्न बाध्य हुनुपर्छ," उनी भन्छन्, "अन्तत: पछि हट्नुपर्ने विषयमा सरकार अगाडि नबढेकै राम्रो हो ।" सिनेमाको सेन्सर सम्बन्धी नियम बनाउने व्यक्तिलाई चलचित्रको ज्ञान नै नभएको उनी बताउँछन् । नियम बनाउने व्यक्तिहरू विज्ञ नै हुनुपर्नेमा उनको जोड छ । "सेन्सरको मस्यौदा जसले ड्राफ्ट गऱ्यो, सायद उसलाई सिनेमाको डेफ्तबारे जानकारी भएन," उनी भन्छन्, "सिनेमा बुझ्ने मान्छेले यस्तो ड्राफ्ट बनाउँदैन । अहिले जे कुरा मस्यौदामा आएको छ, त्यो गलत छ ।" सिनेमा बनाउनै नसक्ने 'क्लज' राखेर सेन्सर बोर्डले कार्यविधि बनाए सिनेकर्मी चुप नलाग्ने उनको भनाइ छ । सिनेमा एउटा उद्योग नै भइसकेको भन्दै उनी यो क्षेत्र विरोधमा उत्रिए राज्यले घुँडा टेक्ने बताउँछन् । कलाकार तथा निर्माता दीपकराज गिरी चलचित्रले समाजलाई बिगार्ने नभएर सपार्ने टिप्पणी गर्छन् । चलचित्रका सिन गनेर यो सिनेमा कस्तो भनेर मूल्यांकन गर्न नसकिने उनको धारणा छ । अन्तिमका केही सिनले चलचित्र कस्तो भन्ने निर्धारण गर्ने दीपक जिकिर गर्छन् । सिनेमा निर्माणको फर्मुला नबुझ्नेले मात्र चलचित्र नियन्त्रण गर्ने उनी बताउँछन् । "सिनेमाले समाजलाई बिगार्ने होइन, बनाउँछ । सेन्सर बोर्डमार्फत जे कुरा आउन लागेको त्यो सिनेमाको सामान्य फर्मुला नबुझ्नेले गर्ने काम हो । अधिकांश सिनेमाको ७० प्रतिशत सिन नेगेटिभ हुन्छ । बाँकी सिन पोजेटिभ हुन्छन्," दीपक भन्छन्, "९० प्रतिशत सिनेमामा असत्यमाथि सत्यको जित, नकारात्मकविरुद्ध सकारात्मक पक्षको जित भएको देखाइन्छ । यो सत्यलाई बुझ्ने मान्छेको कमी हो, सरकारी निकायमा ।" प्रहरीलाई खराब चरित्रमा देखाउन नपाइने अवस्था रहेको भन्दै दीपक प्रश्न गछन्- एउटा प्रहरीले यति धेरै खराब काम गऱ्यो, मैले उसलाई सिनेमामा मार्न पाउने कि नपाउने ? "आफ्नो व्यवहार सुधार्ने हो, सिनेमालाई सुधार्ने होइन । चलचित्रको सिर्जनशीलतालाई निमोठ्ने होइन । समाजमा रहेको खराबीविरुद्ध आवाज उठाउनु नै सिनेमाको काम हो," उनी अगाडि थप्छन्, "सेन्स रबोर्डमा बस्ने व्यक्तिलाई चलचित्रको न्यूनतम ज्ञान समेत रहेनछ । खासमा सेन्सरमा बस्ने व्यक्ति सिनेमाको विज्ञ नै हुनुपर्छ ।" पञ्चायतकालीन सोच भएका व्यक्ति जसले जीवनभर राजेश हमालका दुई सिनेमा हेरेको छ, उसलाई सेन्सर बोर्डको जिम्मेवारी दिन नहुनेमा उनको जोड छ । राजेश हमालका दुई र एउटा 'छक्का पञ्जा' हेरेको व्यक्तिले सेन्सर बोर्डमा बस्ने ल्याकत नराख्ने उनको टिप्पणी छ । "चलचित्रको सूक्ष्मता, विशिष्टता, समाजप्रति यसको दायित्व र सिनेमाको संरचनाबारे राजेश हमालका दुइटा र एकदुईवटा छक्का पञ्जा हेरेको व्यक्तिले कसरी बुझ्छ ?," प्रश्न गर्दै दीपक भन्छन्, "चलचित्रले समाजमा कति परिवर्तन ल्याउँछ र क्रान्तिकारी भूमिका खेल्न सक्छ भन्ने मर्मलाई कति आत्मसात् गरेको छ, चलचित्रको विद्यार्थी नै होइन भने यसको विशिष्टता बुझेर कसरी मूल्यांकन गर्छ ?" चलचित्रमा सुरुआत विकृत समाज र व्यक्तिबाट हुने र विस्तारै नकारात्मक पक्षमाथि सकारात्मक हाबी हुँदै जाने उनको भनाइ छ । चलचित्रको नायकले विकृति र विसंगतिविरुद्ध क्रान्ति गर्ने समाजलाई आफूसँगै डोऱ्याउँदै लगेर सत्यको विजयी भएको देखाउने दीपक बताउँछन् । उनी भन्छन्, "सिनेमाको यो संरचनालाई नै नबुझ्ने व्यक्ति र सरकारले कसरी राम्रो कुरा ल्याउँथ्यो सेन्सरको मस्यौदामा ?" सिनेमा दृश्यभाषा हो । बलात्कार हुनु हुँदैन भन्न पनि त्यससम्बन्धी सिन देखाएर पछि पीडकलाई कारबाही वा पश्चात्ताप बोधको अवस्थामा पुऱ्याउने चलचित्रको संरचरनाभित्र पर्ने दीपक बताउँछन् । "अक्सर सिनेमाले असत्यमाथि सत्यको जित देखाउँछ । प्रधानमन्त्रीसँग एउटा नागरिकलाई रिस उठ्यो भने उसले प्रधानमन्त्रीलाई मार्ने योजना बनाउला सिनेमामा," उनी अगाडि थप्छन्, "तर, फलानो सिनेमाले प्रधानमन्त्रीलाई मार्न सिकायो, यस्तो पनि सिनेमा बनाउने भनेर बुझ्न पाइन्छ ? त्यो सिनेमाको उद्देश्य के हो, दिन खोजेको सन्देश के हो त्यसमा ध्यान दिने हो ।" नायिका ऋचा शर्मा सिनेमाले समाज बिगार्नेभन्दा पनि त्यहाँ जे छ, त्यसलाई छर्लंग पार्ने गरेको बताउँछिन् । "मलाई त सिनेमा समाजको ऐना हो भन्ने लाग्छ । समाजमा जे छ, भइरहेको छ, त्यही देखाइदिने हो," उनी भन्छिन् । अक्सर समाजमा जे हुन्छ र बोलिन्छ, त्यही नै सिनेमामा देखाइने गरेको उनी स्पष्ट पार्छिन् । "लुट सिनेमा आउँदा 'ओहो, कस्तो छाडा बोलिएको यो चलचित्रमा !' भने । तर, सिनेमामा बोलेर त मान्छेले त्यो सिकेको होइन । समाजमा भएको कुरा देखाएको हो," उनी भन्छिन्, "टलकजंग भर्सेस टुल्के पात्र सुरुमा गाउँबाट खेदियो । पछि ऊ सहरबाट फर्किएपछि क्रान्तिका कुरा गर्छ । टलकजंग भर्सेस टुल्के फिल्म आएपछि नेपालमा क्रान्ति हुन सुरु भएको हो र ? यो फिल्म आउनुअगाडि नै क्रान्ति भइरहेको थियो नि, होइन ?" समाजका विषय सिनेमामार्फत देखाएर सूचना, शिक्षा र मनोरञ्जन दिने कार्यलाई नजरअन्दाज गर्न नहुनेमा उनको जोड छ । सिनेमामा चुम्बन गरेको सिन राखेकै कारण कसैले पनि त्यस्तो गर्न नसिकेको उनी बताउँछिन् । ऋचा भन्छिन्, "मान्छेलाई किस गर्न आउँछ, त्यसैले सिनेमामा किस गर्न लगाइएको हो ।" सामान्य बुझाइलाई बेवास्ता गरेर सेन्सर बोर्डले ढुंगेयुगतर्फ फर्काउने कुचेष्टा गरेको उनको टिप्पणी छ । अहिलेको समय नेटफिल्क्स, अमेजन प्राइम भिडियो लगायत डिजिटल प्लेटफर्मका कारण विश्व खुला भइसकेको उनी बताउँछिन् । उनी अगाडि थप्छिन्, "यी प्लेटफर्ममा विश्वभरका हरेक किसिमका सिनेमा हेर्न पाइन्छ । कति कुरा हामी त्यहीँबाट सिकिरहेका छौँ । यो समयमा हामी 'पाँच सेकेन्डभन्दा धेरै किस गर्न पाइँदैन, मित्रराष्ट्रलाई गाली गर्न पाइँदैन' भन्ने कुरा गर्नु लाजमर्दो र बचपना मात्रै हो ।"

**सेन्सरको कार्यविधिमा के सुझाव दिएर फर्किए चलचित्रकर्मी ?**

सिनेमाबारे न्यूनतम ज्ञान समेत नभएका व्यक्ति सेन्सर बोर्डमा रहेको परिणाम यसको कार्यविधिको मस्यौदा भएको ऋचाको भनाइ छ । "सेन्सर बोर्ड कसले चलाइरहेको छ ? सिनेमाबारे सेन्सर बोर्डमा बसेको मान्छेलाई थाहा छ कि छैन ? सेन्सर बोर्डमा बस्ने मान्छेलाई फिल्मको फ पनि थाहा छ कि छैन ?," उनी प्रश्न गर्छिन्, "अहिलेसम्म अडल्ट सिनेमा छ भने कैंची लगाएर भए पनि सर्टिफिकेट दिइरहनुभएको थियो, अब त्यो पनि नहुने अवस्था आयो ।" करोडौं रुपैयाँ लगानी गरेर सिनेमा बनाए पनि सेन्सरले प्रदर्शनको अनुमति नै नदिने डर भएको उनी बताउँछिन् । नेपालमा निरन्तर सिनेमा बनाउने आठ/दश मेकर रहेकामा उनीहरूलाई पनि यस्तो मस्यौदाले सोच्न बाध्य बनाएको उनको बुझाइ छ । "जसले रेगुलर सिनेमा बनाएर सिनेमा उद्योगको इकोनोमी धानिरहनुभएको थियो, यस्तो निर्णयले के गर्ने भन्ने प्रश्न उठाइदियो," ऋचा भन्छिन्, "हामी अगाडि जानुभन्दा पनि पछाडि गइरहेका छौँ । सिनेमा उद्योगलाई पछाडि लैजाने व्यक्तिले फिल्मबारे के बुझ्नुभएको छ भन्ने मेरो प्रश्न छ ।" सेन्सरमा कस्ता मान्छे छन् र हुनुपर्छ भन्ने विषयले नेपाली सिनेमाको भविष्य निर्धारण गर्ने उनी बताउँछिन् ।

*-बाह्रखरी डटकम*

# आज 'भ्यालेन्टाइन डे' अर्थात् प्रणय दिवस विश्वभर मनाइदैं



**पाल्पा,** फागुन १/आज 'भ्यालेन्टाइन डे' अर्थात् प्रणय दिवस विश्वभर मनाइँदैछ । प्रेमका पक्षधर सन्त भ्यालेन्टाईनलाई मृत्युदण्ड दिएको सम्झनामा प्रत्येक वर्षको फेब्रुअरी १४ मा भ्यालेन्टाइन दिवस मनाउने गरिएको हो ।

रोमन साम्राज्यमा युवा प्रेम र विवाह तिर लागे सैनिक सेवा प्रभावित हुने भन्दै प्रतिबन्ध लगाईएको अवस्थामा त्यसको विरोधमा उत्रिएका पादरी सेन्ट भ्यालेन्टाईनको सम्झनामा यो दिन मनाउने गरिन्छ । उनले युवायुवतीको जोडी तयार गरी सार्वजनिक स्थलमा सामुहिक विवाह कार्यक्रम गरेपछि कानुन उल्लघंन गरेको आरोपमा ईसा पुर्व २७० को फेब्रुअरी १४ मा मृत्युदण्ड दिईएको थियो । प्रणय दिवसको अवसरमा प्रेमजोडीहरु उपहार आदान प्रदान गरी माया साटासाट गर्ने चलन छ । विषेश गरी युवा युवतीले उत्सवकै रुपमा मनाउने प्रणय दिवस केही वर्षयता नेपालमा पनि विशेष रुपमा मनाउने गरिएको छ । प्रेम सम्बन्धमा रहेका युवायुवती मात्र होइन, प्रेम गर्ने तरखरमा रहेका युवायुवतीका लागि पनि भ्यालेन्टाइन डे को दिन विशेष हुनेगर्छ । यस दिन युवायुवती आफूले मन पराएको व्यक्तिलाई रातो गुलाफको फूल, चकलेट, कार्ड र उपहारहरू दिने गर्छन् । भ्यालेन्टाइन डे मा सबैभन्दा धेरै रातो रङको गुलाफ आदान प्रदान हुन्छ । यसलाई प्रेम/प्रस्तावका रूपमा प्रदान गरिन्छ । फूल स्वीकार गरेमा प्रेम प्रस्ताव स्वीकार गरेको बुझिन्छ । गुलाफी रङको गुलाफ मित्रता र मुटुको धड्कनको प्रतिक हो । भ्यालेन्टाइन डे मा गुलाफी रङको गुलाफ दिनुको अर्थ मेरो मुटुको धड्कन अब तिम्रो लागि मात्र धड्की रहेको छ भन्नु हो । अर्थात् मेरो मुटु तिम्रो लागि हो । हिजोआज युवायुवती मात्र होइन, वयस्क जोडी पनि यो विशेष अवसरमा आफ्ना पार्टनरलाई विशेष उपहार दिने, सँगै पार्कमा घुम्न जाने, सँगै डिनर गर्न जाने आदि गर्दछन् । प्रणय दिवसका अवसरमा सयौँ जोडी पाल्पाको रानीमहल पुग्ने गर्दछन् । रानीमहलसँगै यहाँका श्रीनगरडाँडा, रामचेडाँडा, तालपोखरा, सिद्धबाबा क्षेत्र भुजात लगायतका अन्य स्थलमा पनि प्रेम साटासाट गर्ने जोडी देख्न सकिन्छ । प्राय: पश्चिमा देशहरुमा मनाइने यो दिवस पछिल्ला केही वर्षमा नेपालमा पनि निकै महत्वका साथ मनाउँदै आइएको छ । युवाहरुले त यो दिनलाई उत्सवकै रुपमा मनाउने गरेका छन् ।


## बगनासकाली गाउँपालिकाको अनुरोध

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- बाझो जग्गा नराखौ/राख्न नदिउँ ।
- सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- घरेलु हिंसा लौगिकहिंसा, जातिय भेदभाव लगायत सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफ्ना नानी-बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याउनुको साथै उनीहरुको क्रियाकलाप प्रति सधैं सजग रहौं ।

**बद्रि नाथ लम्साल** — प्रमुख प्रशासकीय अधिकृत
**हरि प्रसाद पाठक** — उपाध्यक्ष
**सरस्वती दर्लामी चिदी** — अध्यक्ष

बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिर्तुङ्गधारा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल


## खेलकुद समाचार

### नेपालको कीर्तिमानी जित



**काठमाडौं,** फागुन १/एसिसी महिला प्रिमियर लिग क्रिकेट प्रतियोगितामा नेपालले माल्दिभ्समाथि कीर्तिमानी जित हासिल गरेको छ । नेपालले माल्दिभ्सलाई दुई सय १४ रनको फराकिलो अन्तरले पराजित गरेको हो ।

यसमा नेपाली टोलीकी प्रमुख ब्याटर रुबिना क्षेत्रीको कीर्तिमानी शतक सामेल थियो । उनले अविजित एक सय १८ रन बनाइन् । मलेसियाको क्वालालम्पुरमा मंगलबार टस जितेर नेपालले पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा चार विकेट गुमाएर दुई सय २७ रन बनायो । दुई सय २८ रनको विजयी लक्ष्य पछ्याउने क्रममा माल्दिभ्सको पारी १३ दशमव पाँच ओभरमा मात्र १३ रनमा समेटियो । नेपालका लागि रुबिनाले ५४ बलमा शतक प्रहार गरिन् । उनी नेपालबाट अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा शतक प्रहार गर्ने पहिलो महिला खेलाडी बनेकी छिन् । यसअघि नेपालबाट अन्तर्राष्ट्रिय महिला क्रिकेटमा सीता रानामगरले सर्वाधिक ८२ रन बनाइएकी थिइन् । खेलमा रुबिनाले ५९ बलमा १० चौका र पाँच छक्का हानिन् । त्यसैगरी नेपालका लागि पूजा महतोले ५९ रनको योगदान दिइन् । उनले ३६ बलमा पाँच चौका र एक छक्का प्रहार गरिन् । यस्तै सीता रानामगरले १५ तथा कविता कुवँले १३ रन बनाइन् । बलिङतर्फ माल्दिभ्सकी शम्मा अलीले तीन तथा नब्बा नासिमले एक विकेट लिइन् । माल्दिभ्सलाई मात्र १३ रनमै समेट्ने क्रममा नेपालकी अस्मिना कर्माचार्यले सर्वाधिक चार विकेट लिइन् । यस्तै पूजा महतो र रुबिना श्रेत्रीले तीन तीन विकेट लिइन् । माल्दिभ्सका कुनै पनि खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । सुमाया विन्थ अब्दुल हमिदले पाँच तथा नब्बा नासिम र हफसा अब्दुल्लाले दुई दुई रन बनाए । लगातार तीन खेल जित्दै प्रतियोगिताको समूह 'डी' मा रहेको नेपाल क्वाटरफाइनमा प्रवेश गरेको छ । नेपालले पहिलो खेलमा हङकङ र दोस्रो खेलमा भुटानलाई आठ आठ विकेटले पराजित गरेको थियो । लगातार तेस्रो खेलमा हार बेहोरेको माल्दिभ्स प्रतियोगिताबाट बाहिरिएको छ । माल्दिभ्स पहिलो खेलमा भुटान र दोस्रो खेलमा हङकङसँग पराजित भएको थियो ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा गिरावट



**पाल्पा,** फागुन १/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकमा गिरावट आएको छ । मंगलबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३० दशमलव ५६ अंकले गिरावट भएर दुई हजार ७० दशमलव ५९ को बिन्दुमा कायम भएको हो ।

तीन सय पाँच कम्पनीका एक करोड २१ लाख ६५ हजार दुई सय दुई कित्ता शेयर ८२ हजार आठ सय ९९ पटक खरिद बिक्री भएका छन् । त्यसबाट रु चार अर्ब ६६ करोड ७१ लाख ७९ हजार तीन सय चार बराबरको कारोबार भएको छ । नेपाल राष्ट्र बैंकले सोमबार चालु आर्थिक वर्षको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गर्दै अधिकांश व्यवस्थालाई यथावत राखे पनि आजदेखि लागू हुने गरी स्थायी निक्षेप सुविधालाई कार्यान्वयनमा ल्याउने र संस्थागत मुद्दति निक्षेपको ब्याजदर निर्धारण गर्दा व्यक्तिगत मुद्दति निक्षेपमा प्रदान गर्ने ब्याजदरभन्दा एक प्रतिशत बिन्दुले न्यून राखी तय गर्न पाउने व्यवस्था ल्याएको थियो । मौद्रिक नीतिको समीक्षाको आंशिक प्रभाव पुँजी बजारमा पनि परेको रुपमा हेरिएको छ । सबै समूहका उपसूचक घटेका छन् । सबैभन्दा धेरै विकास बैंक समूहको उपसूचक दुई दशमलव ४० प्रतिशतले र वित्त समूहको उपसूचक दुई दशमलव २० प्रतिशतले घटेको छ । बोटलर्स नेपाल (बालाजु) लिमिटेड, समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र सुपर माइ हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

सबैभन्दा धेरै गुमाउनेमा भने गुँरास लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ७० प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा मंगलबार सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ३२ करोड ५० लाख ४५ हजार ७२ बराबरका चार लाख ७८ हजार पाँच सय ६० कित्ता शेयर किनबेच भएका छन् ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज


विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई